बैठक संख्या: १०६ औं

मिति २०८२/०७/२८ गते शुक्रबार बिहान १०:३० बजे यस शंखरापुर नगर कार्यपालिकाको कार्यालयको बैठक हलमा नगर प्रमुख श्री रमेश नापितज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक तपसिल बमोजिमका कार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा सम्पन्न गरियो।

उपस्थिति:

| क्र.सं. | नाम/थर | पद | सम्पर्क नं | हस्ताक्षर |
|---|---|---|---|---|
| १. | श्री रमेश नापित | अध्यक्ष/नगर प्रमुख | ९८४१४६०३८० | |
| २. | श्री समिता श्रेष्ठ | उपाध्यक्ष/उप प्रमुख | ९८४१०९११८० | |
| ३. | श्री बेद नारायण दंगाल | सदस्य/वडा अध्यक्ष, १ नं वडा कार्यालय | ९८४३५२५३३२ | |
| ४. | श्री रन बहादुर थिङ | सदस्य/वडा अध्यक्ष, २ नं वडा कार्यालय | ९८५१०८०४६३ | |
| ५. | श्री सुर्य बहादुर तामाङ | सदस्य/वडा अध्यक्ष, ३ नं वडा कार्यालय | ९८५१२७५८७९ | |
| ६. | श्री दिपक गौतम | सदस्य/का.बा.वडा अध्यक्ष, ४ नं वडा कार्यालय | ९८६३९२३१७९ | |
| ७. | श्री शेर गम्भिर थापा | सदस्य/वडा अध्यक्ष, ५ नं वडा कार्यालय | ९८५१०११६४५ | |
| ८. | श्री राधाकृष्ण श्रेष्ठ | सदस्य/वडा अध्यक्ष, ६ नं वडा कार्यालय | ९८४१७८६३४५ | |
| ९. | श्री बिष्णु प्रसाद श्रेष्ठ | सदस्य/वडा अध्यक्ष, ७ नं वडा कार्यालय | ९८४१७३५७२४ | |
| १०. | श्री पोते थिङ | सदस्य/वडा अध्यक्ष, ८ नं वडा कार्यालय | ९८५११५४३०६ | |
| ११. | श्री मिलन खड्का | सदस्य/का.बा.वडा अध्यक्ष, ९ नं वडा कार्यालय | ९८४१२२८९२५ | |
| १२. | श्री मनिषा परियार | कार्यपालिका महिला सदस्य | ९८४८९०९४५४ | |
| १३. | श्री तिउरीमाया वाईबा | कार्यपालिका महिला सदस्य | ९८६०९४७६९६ | |
| १४. | श्री राज्यलक्ष्मी नेमकुल (जोशी) | कार्यपालिका महिला सदस्य | ९८४३१०६०८० | |
| १५. | श्री चन्दा श्रेष्ठ | कार्यपालिका महिला सदस्य | ९८४९५०६६८४ | |
| १६. | श्री उमादेवी कार्की | कार्यपालिका महिला सदस्य | ९८४०१३२५४७ | |
| १७. | श्री रमेश नेपाली | कार्यपालिका दलित सदस्य | ९८६०९९३२३४ | |
| १८. | श्री आनन्द रम्तेल | कार्यपालिका दलित सदस्य | ९८४१५३५०४९ | |
| १९. | श्री संजय रम्तेल | कार्यपालिका दलित सदस्य | ९८४९०४५५०५ | |
| २०. | श्री चुरामणि पन्थी | सचिव/प्रमुख प्रशासकीय अधिकृत | ९८५१२६४१११ | |

## शंखरापुर नगर कार्यपालिकाको १०६ औं (मिति २०८२/०७/२८) बैठकका निर्णयहरु

| | |
|---|---|
| निर्णय नं १: | यस नगरपालिकाको मिति २०८२/०६/३१ गते बसेको कार्यपालिकाको १०५ औं बैठकका निर्णयहरु कार्यान्वयन सम्बन्धमा अनुसूची १ बमोजिम समीक्षा गरियो। |
| निर्णय नं २: | संघीय सशर्त अनुदान तथा नगरस्तरीय निम्न योजनाहरु पुरातात्विक महत्वको भएकोले उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्ने निर्णय गरियो।<br>तपसिलः<br>१. संघीय सशर्त कार्यक्रममा काठमाडौं जिल्ला शंखरापुर न.पा. वडा नं. ८, वडा नं. ४ र वडा नं. ७ को सिमाना पर्ने बज्रयोगिनी मन्दिर परिसरमा पूर्वाधार निर्माण कार्य रु २५,००,०००/-<br>२. संघीय सशर्त कार्यक्रममा काठमाडौं जिल्ला शंखरापुर न.पा. वडा नं. १ उल्लेख भएपनि उक्त मन्दिर वडा नं. ८, वडा नं. ४ र वडा नं. ७ को सिमाना पर्ने भएकोले बज्रयोगिनी माई मन्दिर परिसर सुधार एवंम् रथ राख्ने पाटी निर्माण शीर्षकमा विनियोजित रकम रु ४०,००,०००/- बज्रयोगिनी मन्दिर परिसरमा निर्माण गर्ने।<br>३. नगरस्तरीय बज्रयोगिनी मन्दिर वडा नं. ७ गार्डेन तथा पूर्वाधार विकास शीर्षकमा विनियोजित रु २५,००,०००/- |
| निर्णय नं ३: | नगरस्तरीय भिमसेन मन्दिर पुनःनिर्माण पुखुलाछी — २१,००,०००/-योजना पुरातात्विक महत्वको मन्दिर भएकोले उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्ने निर्णय गरियो। |
| निर्णय नं ४: | आ.व. २०८२/८३ को पहिलो त्रैमासिक समीक्षा कार्यक्रम सम्पन्न गरियो। |
| निर्णय नं ५: | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्राप्त तथा अन्य निकायहरुबाट भएका परिपत्रहरु जानकारी गराइयो। साथै यस नगरपालिकाबाट कार्यान्वयन गर्नुपर्ने भनिएको विषयहरु नियमानुसार कार्यान्वयन प्रक्रिया अगाडि बढाउने निर्णय गरियो। |
| निर्णय नं ६: | शंखरापुर नगरपालिका वडा नं. ३ को च.नं. ५०३ मिति २०८२/०७/२७ को सिफारिस बमोजिम वर्ष ४ को एलेक्स लामाको ब्लड क्यान्सरको उपचारका लागि रु ४०,०००/- आर्थिक सहयोग गर्ने निर्णय गरियो। |
| निर्णय नं ७: | शंखरापुर नगरपालिका वड नं. ८ को च.नं. ५५५ मिति २०८२/०७/२७ र श्री उग्रतारा माध्यमिक विद्यालय को च.नं. २७ मिति २०८२/०७/२८ गतेको सिफारिस बमोजिम वडा नं. ८ निवासी आइस घ्लानलाई रु ३०,०००/- आर्थिक सहयोग गर्ने निर्णय गरियो। |
| निर्णय नं ८: | शंखरापुर नगरपालिका वड नं. ८ को च.नं. ५७४ मिति २०८२/०७/३० गतेको सिफारिस बमोजिम वडा नं. ८ निवासी सुङनिमा थिङलाई Hirschsprung रोग लागेको र निजको आर्थिक अवस्था कमजोर रहेको निजको उपचारका लागि रु ४०,०००/- आर्थिक सहयोग गर्ने निर्णय गरियो। |
| निर्णय नं ९: | वडा नं. ८ स्थित मंगलादेवी पार्कमा निर्माण गरिने मूर्तीहरुको प्रति फिट (उचाई) को दररेट जिल्ला दररेटमा उल्लेख नभएको हुँदा तिनवटा फर्महरुसँग दर माग गरिएकोमा निम्मानुसार हुन आएको छ।<br>१. Himalayan Khasyor Artland Handicraft Pvt.Ltd. – 1,38,500/-<br>२. PNG Construction Pvt. Ltd. 1,60,000/-<br>३. Om Bajra Construction and Suppliers Pvt. Ltd. 1,66,840/- |

| | |
|---|---|
| | माथि पेश हुन आएको दरमध्ये **Himalayan Khasyor Artland Handicraft Pvt.Ltd.** ले पेश गरेको दर रु १,३८,५००/- सबैभन्दा कम भएकोले सो दररेट स्वीकृत गर्ने निर्णय गरियो। |
| निर्णय नं १०: | यस नगरपालिकाको दहत्तर बहत्तर संकलन तथा बिक्रिका लागि चार पटक राष्ट्रिय दैनिक पत्रिकामा सूचना आव्हान गर्दा कुनै पनि फर्मले बोलपत्र पेश नगरेको हुँदा अमानतबाट बागमती प्रदेशको आ.व. २०८२/८३ को लागि स्वीकृत गरेको आर्थिक ऐन २०८२ बमोजिम शुल्क/दस्तुर संकलन गर्ने निर्णय गरियो। |
| निर्णय नं ११: | वडा नं. ८ स्थित बुद्ध(शान्ति) पार्कमा बुद्ध मूर्ती स्थापनाका लागि कुल लागत रु ६,४९,९६,४१५.६१/- को लागत अनुमान तयार भएकोले बहु वर्षिय ठेक्काको सूचना प्रकाशन गर्ने निर्णय गरियो। |
| निर्णय नं १२: | वडा नं. ४ को वडा कार्यालय भवन निर्माणका लागि कुल लागत रु ३,५०,००,०००/- को लागत अनुमान तयार भएकोले बहु वर्षिय ठेक्काको सूचना प्रकाशन गर्ने निर्णय गरियो। |

अनुसूची १

शंखरापुर नगर कार्यपालिकाको १०५ औं (मिति २०८२/०६/३१) बैठकका निर्णयहरुको समीक्षा

| निर्णय नं | निर्णयको संक्षिप्त व्यहोरा | कार्यान्वयन अवस्था |
|---|---|---|
| निर्णय नं ३: | स्रोत सुनिश्चितता सहित ठेक्का प्रक्रिया अगाडि बढाउने। | सम्पन्न |
| निर्णय नं ४: | अर्थ मन्त्रालयको प.सं. ८२/८३ (बजेट) च.नं. ११८ मिति २०८२/०६/०७ गतेको प्राप्त निर्णय कार्यान्वयन गर्ने गराउने सम्बन्धी। | कार्यान्वयनको चरणमा |
| निर्णय नं ५: | जेन-जी आन्दोलनको क्रममा क्षति भएको साँखु प्रहरी चौकी तथा नाङ्लेभारे प्रहरी चौकीको लागि तत्काल पुनस्थापना/ पुनःनिर्माणका लागि भएको खर्च अनुमोदन सम्बन्धमा। | सम्पन्न |
| निर्णय नं ६: | विभिन्न निकायहरुबाट प्राप्त भएका परिपत्रहरुको कार्यान्वयन। | सम्पन्न |
| निर्णय नं ७: | मिति २०८२/०५/२५ गते यस शंखरापुर नगरपालिकाबाट उपलब्ध गराईएको शोक विदा अनुमोदन सम्बन्धमा। | सम्पन्न |
| निर्णय नं ८: | भूउपयोग क्षेत्र वर्गीकरण सम्बन्धी वडा तहमा छलफल तथा अन्तरक्रिया। | सम्पन्न |
| निर्णय नं ९: | जेन-जी आन्दोलनको क्रममा क्षति भएको नाङ्लेभारे प्रहरी चौकीको पुनःनिर्माणको लागि विपद् व्यवस्थापन कोषबाट रु दुई लाख खर्च गर्ने गरी उपभोक्ता समितिसँग भएको सम्झौता अनुमोदन। | कार्यान्वयनको चरणमा |